बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

मिति : जेठ २७, २०७८

श्री सचिव ज्यू,
(श्री प्रमुखज्यु, बाल संरक्षण तथा विकास शाखा)
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

**विषय : राष्ट्रिय बाल अधिकार नीति २०७८ को पहिलो मस्यौदामा सुझावहरु पेश गरिएको सम्बन्धमा**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय बालअधिकार नीति २०७८ को मस्यौदा तयार सुझाव संकलनका लागि सार्वजनिक आव्हान गरिएकोमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) र देशभरी रहेका बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरु र अभिनान्तको तर्फबाट आभार व्यक्त गर्दछौं ।

सिजपले बालबालिका सम्बन्धी नीति, कानुन तथा नियामावलीहरु र कार्यक्रम निर्माणका सन्दर्भम संसद, संसदीय समिति, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद् लगाएतका संयन्त्रहरुसंग विज्ञका रुपमा कार्य, सुझाव तथा समन्वय र सहकार्य गर्दै आएको छ ।

राष्ट्रिय बालअधिकार नीति, २०७८ को मस्यौदामा सुझाव संकलनका सन्दर्भममा राष्ट्रिय मानव अधिकार आयोग, सातै प्रदेशबाट ४२ जिल्लाका बालअधिकार संस्था, संजाल, अभियान्त, स्वयम बालबालिका, अध्येता र विज्ञहरु गरि एक सय बीस जना भन्दा बढि संग प्रत्यक्ष परामर्शमा तथा विद्युतीय (इमेल) मार्फत सुझाव संकलन गरेका छौं । यस सन्दर्भमा मन्त्रालयको तर्फबाट पनि बाल संरक्षण शाखा प्रमुखज्युको अतिथि सहभागिता रहेको थियो । यस प्रकारको सहभागितात्मक नीति निर्माण प्रकृयाले नीतिमा सबैको अपनत्व सँगसँगै कार्यान्वयनमा समेत जिम्मेवारीबोध र साझेदारीको समेत विकास हुन अपेक्षा गरेका छौं ।

यो नीतिको पहिलो मस्यौदाको तयारी पुर्व पनि सिजपले विभिन्न सरोकारवालाहरुको सुझाव संकलन गरी लिखित रुपमा राष्ट्रिय बाल अधिकार परिषद् समक्ष पेश गरेका थियौ । सुझावमा समावेश गरिएकोमा खुशी व्यक्त गर्दै नीतिमा भएका व्यवस्थाहरुको थप स्पष्टता र पहिलो मस्यौदामा समावेश हुन बाँकी रहेका थप सवालहरु तीनमहले तथा बुँदागत रुपमा सुझावहरु यसै पत्रसाथ पेश गरेका छौ । यी सुझावहरु पनि नीतिमा समावेश हुनेमा हामी पुर्ण विश्वस्त छौं ।

नरेन्द्र डंगोल
अध्यक्ष
सिजपका सबै सदस्य संस्थाहरु, अभियान्त, बालबालिका, अध्येता र विज्ञहरुका तर्फबाट

## बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)को तर्फबाट राष्ट्रिय बालअधिकार नीति, २०७८ को मस्यौदामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सुझावहरु

| बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)को तर्फबाट राष्ट्रिय बालअधिकार नीति, २०७८ को मस्यौदामा सुझावहरु | | | |
|---|---|---|---|
| शिर्षक | वर्तमान व्यवस्था | सुधारका लागि प्रस्तावित सुझावहरु | कैफियत |
| | उल्लिखितमा थप गर्नु पर्ने | | |
| पृष्ठभुमी (दोस्रो प्याराग्राफ) | …………बालमैत्री स्थानीय शासन, सडक बालबालिका मुक्त राष्ट्र अभियान जस्ता सफल अभियान………………… | …….. विद्यालय तथा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, सडक बालबालिका मुक्त राष्ट्र अभियान, बालमैत्री स्थानीय शासन, जस्ता सफल अभियान, बालिका सुरक्षा तथा शिक्षा निरन्तरताका लागि भएका कार्यक्रमहरु……….. | महत्वपुर्ण अभियानहरु सबै समावेश गर्दा उपयुक्त हुने |
| अध्यावधिक स्थिति (दोस्रो प्याराग्राफ) | संविधान, बालबालिका सम्वन्धी ऐन, श्रम ऐन, स्थानीय शासन संचालन ऐन, अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन, जन स्वास्थ्य सेवा ऐन लगायतका बालबालिकासँग सम्वन्धित……………….. | संविधान, बालबालिका सम्वन्धी ऐन, श्रम ऐन, स्थानीय शासन संचालन ऐन, अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन, जन स्वास्थ्य सेवा ऐन, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, सामाजिक सुरक्षा ऐन, समाज कल्याण ऐन, अपराध पिडित संरक्षण ऐन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन लगायतका बालबालिकासँग सम्वन्धित……………….. | थप महत्वपुर्ण कानुनहरुको नामहरु समेत समावेश गर्दा उपयुक्त हुने भएकाले |
| प्रमुख सवालका सम्बन्धमा थप गर्नु पर्ने | बालिका मैत्री शौचालय, कक्षागत वा तहगत रुपमा डेक्स बेन्च, कक्षाकोठामा मापदण्ड, शिक्षकको शिक्षण सिकाई मुल्याङ्कन, जोखिममा रहेका बालबालिकाको सहयोग प्याकेज आदि | विद्यालयसंग सम्बन्धित सेवा र संरचनाहरुको मापदण्ड बालमैत्री र स्तरीय भएपनि तदनुरुप पूर्णरुपमा कार्यान्वयन गर्न सकिएको छैन | मापदण्ड, कार्यढाँचा र प्रारुप अनुसार कार्यान्वयन गर्न नसकिएको |
| प्रमुख | १) बालविवाह अन्त्य सम्बन्धी | बाल संरक्षणका मुख्य सवालहरुः | सविधानको धारा ३९ |

| | | | |
|---|---|---|---|
| सवालका सम्बन्धमा थप गर्नु पर्ने | रणनीति कार्ययोजना सहित नयाँ संरचना अनुरुप परिमार्जन नभएको<br>२, बालविवाह, यौन शोषण र दुर्व्यवहार-विशिष्टिकृत कार्ययोजना नबनेको<br>३) बालश्रम अन्त्य सम्बन्धी गुरुयोजनाको प्रभाकारी कार्यान्वयन अन्तर निकाय समन्वयको कमि,<br>४) मानव बेचविखन र ओसार पसार नियन्त्रण सम्बन्धी कार्ययोजना महिला केन्द्रितमात्र र लगानी आधार नभएको<br>५) बालबालिका विरुद्धहुने शारिरिक दण्ड र सँजायका अन्त्य सम्बन्धी कार्ययोजना नबनेको | बालविवाह, यौन शोषण र दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसार पसार र बेचविखन, शारिरिक दण्ड र सँजायका विषयमा विशिष्टिकृत कार्ययोजना अद्यावधिक र तदनुरुप लगानी आवश्यकमात्रामा हुन सकेको छैन | अनुरुप र सम्बन्धित कानुन बमोजिम बालबालिकाको सर्बोत्तम हितका लागि |
| प्रमुख सवालका सम्बन्धमा थप गर्नु पर्ने | प्रारम्भिक बालविकास भन्नाले ३ बर्ष माथिका बालबालिकाको लागि मात्र संबोधन गरिएको । घर तथा समुदायका नीन बर्ष मुनिका बालबालिकाको वृद्धि र विकासकामा राज्यको प्रबन्ध अत्यन्तै कम छ | तीन बर्ष मुनिका बालबालिककाको लागि वृद्धि र विकासकामा ठोस योजना, सेवा प्रवाह संयन्त्र र सेवा आवश्यकता अनुरुप हुन सकेको छैन | प्रारम्भिक बालविकासको हक सविधानको धारा ३९ (३) सुनिश्चित छ |
| प्रमुख सवाल (बुलेट नं. ३) | प्राथमिक तहमा बालबालिकाको भर्नादर.................................. बालमैत्री विद्यालयका सवालहरु नविन समस्याका रुपमा देखा परेका छन् । | प्राथमिक तहमा बालबालिकाको भर्नादरमा.................................. बालमैत्री विद्यालयका सवालहरु नविन समस्याका रुपमा देखा परेका छन् । बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्र सम्वन्धी राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन हुन सकेको छैन । | बालबालिका र विद्यालय शान्ति क्षेत्र सम्वन्धी एक वाक्य थप गर्नुपर्ने |
| | | | |
| प्रमुख सवाल (अन्तिम बुलेट) | बालश्रम, बालविवाह, यौनशोषण................................ भएका बालबालिकाको समस्या उचित रुपमा सम्बोधन गर्न बाल संरक्षण प्रणाली सशक्त बनाउन सकिएको छैन । | बालश्रम, बालविवाह, यौनशोषण................................ भएका बालबालिकाको समस्या उचित रुपमा सम्बोधन गर्न बाल संवेदनशिल सामाजिक सुरक्षासहितको बाल संरक्षण प्रणाली सशक्त बनाउन सकिएको छैन । | थप स्पष्ट गर्नुपर्ने भएकाले बाल संवेदनशिल सामाजिक सुरक्षासहितको भन्ने शब्दहरु थपिएको |
| नीतिहरु | तोकिएको स्वास्थ्य | तोकिएको स्वास्थ्य | थप स्पष्ट पार्नुपर्ने र केही |

| | | | |
|---|---|---|---|
| (उद्देश्य ६.१ को (क) सँग सम्वन्धित को ३ नं.) | संस्था……………………गरिनेछ । एचआइभी एड्स संक्रमित बालबालिकालाई निशुल्क स्वास्थ्य तथा औषधि उपलब्ध हुने व्यवस्था मिलाइनेछ । | संस्था……………………गरिनेछ । एचआइभी र एड्स संक्रमित तथा दिर्घ रोगसँग जुधीरहेका बालबालिकालाई निशुल्क स्वास्थ्य तथा औषधि उपलब्ध हुने व्यवस्था मिलाइनेछ । कुनै पनि स्वास्थ्य महामारीमा बालबालिकाको सुरक्षा, उपचार र खोपमा पहिलो प्राथमिकतामा राखिने छ । सबै बालबालिकाहरुको स्वास्थ्य बिमा अनिवार्य गर्ने व्यवस्था सरकारले मिलाउनेछ । | वाक्य पनि थप गर्नु पर्ने |
| नीतिहरु (उद्देश्य ६.१ को (ख) सँग सम्वन्धित को ५ नं.) | प्रत्येक विद्यालयलाई ……………………कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । | प्रत्येक विद्यालयलाई ………………………………………….कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । विपद् र महामारीका समयमा समेत उपयुक्त वैकल्पिक माध्यमबाट सबै बालबालिकाले शिक्षा पाउने व्यवस्थाको सुनिश्चित गर्न विद्यालयको आधारभुत संरचनाको विकास, शिक्षकको क्षमता विकास र प्रविधी लगायतका सामग्रीहरुको व्यवस्थाका साथै बालबालिकाहरुको समेत वैकल्पिक शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ । | एक स्पष्टताका लागि केही वाक्य थप गर्नु पर्ने |
| नीतिहरु (उद्देश्य ६.१ को (ख) सँग सम्वन्धित को ९ नं.) | विद्यालयको नियमित पढाईमा असर पर्ने गरी कसैले पनि (विद्यालय, शिक्षक वा अन्य व्यक्ति वा संस्था) कुनै पनि कार्यक्रम विद्यालयमा गर्ने वा गराइनेछैन । | विद्यालयमा कसैले पनि (विद्यालय आफै, शिक्षक, अभिभावक वा अन्य व्यक्ति वा संस्था) अध्ययन, अध्यापन र बालबालिका स्वयंको सहभागिता हुने उनीहरुकै सर्वोत्तम हितसँग प्रत्यक्ष सम्वन्धित बाहेकका कुनै कार्यक्रम गरिने छैन । विद्यालयमा विद्यालय बन्द भएका दिनमा समेत यस्ता कृयाकलाप हुने छैनन । विद्यालय तहमा कुनै पनि राजनीतिक दल र दलसँग सम्वन्धित संगठनका कृयाकलाप पुर्ण बन्देज लगाइने छ । | स्पष्टता र सोको लागि केही वाक्य थप गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| नीतिहरु (उद्देश्य ६.२ को ८ नं.) | बालगृहमार्फत गरिने संस्थागत स्याहारलाई.............................. ..अन्तिम विकल्पको रुपमा नियमन गरिनेछ र ................ कानुनी कार्वाहीको दायरामा ल्याइनेछ । | बालगृहमार्फत गरिने संस्थागत स्याहारलाई................................ अन्तिम विकल्पको रुपमा नियमन गरिनेछ र ................ कानुनी कार्वाहीको दायरामा ल्याइनेछ । आवश्यक संख्या भन्दा बढी रहेका बालगृहहरु नियमित अनुगमनका आधारमा बन्द गराइनेछ । बालगृहमा रहेका बालबालिकाको विवरण अनिवार्य र मासिक रुपमा राष्ट्रिय बाल अधिकार समिति वा समितिले तोकेको निकायमा पेश गर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ । बालगृहका बालबालिकाको हित विपरित कुनै पनि कृयाकलाप भएको अवस्थामा तत्काल अनुगमन गरी आवश्यक पहल गर्ने सुनिश्चित गरिनेछ । बाल गृहमा रहेका बालबालिकाहरुको गुनासो वा समस्या सुनुवाइका लागि उपयुक्त, विश्वासिलो र भरपर्दो माध्यमको व्यवस्था गरिनेछ । | स्पष्टता र सोको लागि केही वाक्य थप गर्नु पर्ने |
| नीतिहरु (उद्देश्य ६.५ थप्नु पर्ने) | राष्ट्रिय बालअधिकार परिषद्को मन्त्रालय अर्न्तगत विभागीय हैसियत मात्र रहेको | बाल अधिकारको अनुगमन सम्बन्धी स्वायत्त संयन्त्रको निमार्ण र विकास गरिनेछ । | क कानूनी बाल आयोगको स्थापना गरेर ( विषयगत १० प्रतिशत जनसंख्या भन्दा कम रहेको क्षेत्रका लागि अन्य आयोगहरु रहेको तर स्वयंम आवाज उठाउन नसक्ने ४० प्रतिशत बालबालिकाको लागि छुट्टै आयोग चाहिने)<br>ख. राष्ट्रिय मानव अधिकार आयोगमा एक जना बालअधिकार हेर्ने आयुक्तको प्रवन्ध,( संविधानको धारा २४८ ( ख) मा सदस्यको हकमा मानव अधिकारको संरक्षण |

| | | | |
|---|---|---|---|
| | | | र संवर्धन, बालबालिकाको हकहितको क्षेत्र भनेर तीन प्रकार तोकेको)<br>ग. राष्ट्रिय बालअधिकार परिषद्को स्वायत्तता, अन्तर मन्त्रालय समन्वय गर्ने हैसियत प्रदान गर्न र क्षेत्राधिकारको अभिबृद्धि गरेर,<br>घ. संसद वा स्वायत्त निकायमा एम्बुस्टपर्सनको प्रबन्ध (सिआसी समापन टिप्पणी तथा युपिआरमा पटक पटक सिफारिस भएको) |
| नीतिको कार्यान्वयन व्यवस्थाको बुलेट ६ | यो नीतिलाई बालमैत्री शैलीमा नेपाली, अंग्रेजी र आवश्यकता अनुसार स्थानीय भाषाहरुसमेत प्रकाशन तथा वितरण गरिनेछ। | यो नीतिलाई बालमैत्री र अपाङ्गमैत्री समेत शैलीमा नेपाली, अंग्रेजी र आवश्यकता अनुसार स्थानीय भाषाहरुसमेतमा प्रकाशन तथा वितरण गरिनेछ। | नीतिको कार्यान्वयन अन्तर्गत समावेशीता प्रवर्द्धन गर्न |
| पुनरावलोकन | यस नीतिको कार्यान्वयन, सान्दर्भिकता, औचित्यता, प्रभाव आदिको स्वतन्त्र मुल्यांकन गर्दै सामयिक रुपमा परिमार्जन गर्नका लागि प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ। | यस नीतिको कार्यान्वयन, सान्दर्भिकता, औचित्यता, प्रभाव आदिको स्वतन्त्र मुल्यांकन गर्दै सामयिक रुपमा परिमार्जन गर्नका लागि वार्षिक समिक्षा, दुई वर्ष छ महिनामा मध्यावधी पुनरावलोकन र प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरिनेछ। | समिक्षा र अद्यावधिक पुनरावलोकन थप गर्न |
| **नीतिमा मिलाउनुपर्ने तथा थप स्पष्ट गर्नुपर्ने सुझावहरु** | | | |
| ▪ संविधानमा नै आधारभूत स्वास्थ्यको सुनिश्चिता गरेकोले सबै बालबालिकाको समेत निशुल्क आधारभूत स्वास्थ्य उपचारको सुनिश्चितता गरिनेछ[1]।<br>▪ प्रत्येक बालबालिकालाई अनिवार्य एवम् निशुल्क आधारभुत शिक्षाको सुनिश्चितता गरिनेछ। माध्यामिक तहसम्म निशुल्क शिक्षाको प्रबन्ध गरिनेछ। दलित, सिमान्तकृत, जोखिममा रहेका र आर्थिक तथा सामाजिक रुपमा विपन्न बालबालिकालाई छात्रवृत्ति समेतको निशुल्क शिक्षा प्रदान गरिनेछ[2]। | | | |

[1] बालबालिकाको निशुल्क स्वास्थ्य सम्वन्धी (उद्देश्य ६.१ को (क) सँग सम्वन्धित)

[2] प्रारम्भिक बालविकास, विद्यालय शिक्षा र विकाससँग सम्बन्धित (पृष्ठ ९)

| | |
|---|---|
| ▪ तीनै तहका सरकारको समन्वयमा सो सेवा आवश्यक पर्ने बालबालिकाहरुको पुर्ण रुपमा पँहुच सुनिश्चित हुनेगरी बालगृह र अस्थायी संरक्षण केन्द्र सरकारको तर्फबाट स्थापना गरी कार्यान्वयन गरिनेछ ।[घ]<br>▪ स्थानीय तहहरुले बालमैत्री स्थानीय शासन लागू गर्न आवश्यक पर्ने कार्यविधीहरुको तर्जुमा गरी लागू गर्न सहजीकरण गरिनेछ ।[द्ध]<br>▪ बाल अधिकारको अनुगमन सम्बन्धी स्वायत्त संयन्त्रको निमार्ण र विकास गरिनेछ । | |
| **थप गर्नुपर्ने वा भएका नीतिमा समायोजन गर्नुपर्ने सुझावहरु** | |
| ▪ प्रदेश सरकार र स्थानीय सरकारहरुको बालअधिकार संरक्षणका क्षेत्रमा लगानी मापदण्ड सहितको सक्रिय र नेतृत्वदायी भुमिकाको व्यवस्था गरिनेछ ।<br>▪ जिल्ला समन्वय समितिले अर्धवार्षिक रुपमा आफ्नो स्थानीय तहका बालअधिकार समितिहरुलाई समीक्षा बैठक गरी स्थानीय तहमा भएका उपलब्धि र समस्याको समीक्षा गर्ने व्यवस्था गरिनेछ ।5<br>▪ राष्ट्रिय बालअधिकार परिषद्ले तीनै तहको सरकारका बालअधिकार संरचनाहरु बीचमा समन्वयकारी भूमिका निर्वाह गर्दै बालअधिकारको पुर्ण सम्मान र संरक्षण हुने अवस्थाको सुनिश्चित गर्नेछ ।<br>▪ बालसंरक्षणका लागि राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्तामा समयानुकूल बढोत्तरी र त्यो सेवा समाजवाद उन्मूख देशको नीति अनुरुप मुलुकका विपन्न, सिमान्तीकृत र विषेश संरक्षण आवश्यकता पहिचान भएका सबै बालबालिका लागि उपलब्ध गराउने नीति लिइनेछ ।<br>▪ बालअधिकार महासन्धि र यसका इच्छाधीन आलेखहरूका समापन टिप्पणीहरूले निर्दिष्ट गरेका सुझावहरु, मानव अधिकारको विश्वव्यापि आवधिक समीक्षामा गरिएका बालकेन्द्रित राष्ट्रिय प्रतिबद्धताहरू र संयुत्तल राष्ट्र संघीय संयन्त्रबात प्राप्त स्विकार गरिएका सुझावहरूको कार्यान्वयन गर्दै लगिनेछ<br>▪ बालअधिकार सम्वन्धी यो नीति र नीतिको कार्यान्वयनका लागि बन्ने रणनीतिक योजना समेतको कार्यान्वयनमा बालबालिकाको सर्वोत्तम हितलाई उच्च प्राथमिकता दिइने छ ।<br>▪ बालबालिकाको समग्र अधिकारको सम्मानका लागि परिवार वा संरक्षकको जिम्मेवारपुर्ण दायित्वको प्रवर्द्धन गरिनेछ ।<br>▪ विभिन्न खालका समस्या, जोखिम र कुनै पनि अप्ठ्यारोमा रहेका बालबालिकाहरु लगायत सबै बालबालिकाहरुको सबै अधिकारको सम्मान र कार्यान्वयनमा तिनै तहको सरकारले आफ्नो दायित्व पुरा गर्नेछ ।<br>▪ बाल अधिकारको संरक्षण र प्रवर्द्धनको लागि सञ्चार क्षेत्रको क्षमता विकास, संवेदनशिता | सिजपले आयोजना गरेको भर्चुअल छलफलमा सहभागी बालअधिकार संस्था, संजाल, अभियान्ता, बालबालिका, अध्येता र विज्ञहरुबाट प्राप्त सुझावहरुको बुँदाहरु |

3 उद्देश्य ७(२) सँग सम्बन्धित । प्रस्तावित वाक्यांश थप गर्नुपर्ने ।

4 ७(३) सँग सम्बन्धित

5 ७(४) सँग सम्बन्धित । प्रस्तावित वाक्यांश थप गर्नुपर्ने ।

र सहकार्यता विकास गरिनेछ ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका विभिन्न कानुनहरुमा रहेका सजाय र क्षतिपुर्ति सम्वन्धि व्यवस्थाहरुको कार्यान्वयन गराईने छ । मुद्दा हेर्ने अधिकारीहरुको व्यवस्था कानुनमा उल्लेख भएअनुसार गरिनेछ ।
- बालबालिकासँग सम्वन्धित विभिन्न कानुन तथा नीति र कार्यक्रमहरुका सम्वन्धमा वयस्क र सरोकारवालाका लागि सचेतना अभियान संचालन गरिनेछ ।
- बालबालिकाहरुको अधिकार सँगै जिम्मेवार, नैतिकवान र कर्तव्यनिष्ठ नागरिक तयार गर्नका लागि उनीहरुको परिवार, विद्यालय, समाज र देशप्रतिको कर्तव्यका सम्वन्धमा समेत सचेतना र जीवनउपयोगी कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालबालिकाहरुसँग सम्वन्धित विषय, तथ्य, तथ्यांक र विवरणहरुको गोपनियता कायम हुने व्यवस्थाको सुनिश्चित गरिनेछ ।
- कानून व्यवसायी आवश्यक पर्ने कुनै पनि बालबालिकासँग सम्वन्धित मुद्दाहरुमा राज्यको तर्फबाट निशुल्क कानुन व्यवसायी उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- बालबालिका संलग्न भएको वा उनीहरुसँग सम्वन्धित मुद्दा, विवाद वा समस्याको बालन्यायका सिद्धान्तका आधारमा कारवाही, सुनुवाई र किनारा पुर्ण प्राथमिकतामा राखी गर्ने व्यवस्था गरिनेछ । बालन्याय प्रणाली सम्वन्धी व्यवस्थाहरु सबै तह र क्षेत्रमा पुर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- संविधानको धारा ३९ को उपधारा १० अनुसार बालबालिकामाथी हुने हिंसा, शोषण, विभेद र अपराधहरुमा बालबालिकाहरुले क्षतिपुर्ति पाउने व्यवस्थाको कार्यान्वयन गराइनेछ ।
- बालबालिकासँग सम्वन्धित सबै कार्यक्रम, सेवा, सुविधा, सुचना, जानकारी र सहभागिता उनीहरुको उमेर अनुसार र पुर्ण समावेशी हुने सुनिश्चित गरिनेछ ।
- बालबालिकाका सवालमा विभिन्न कानुनहरुमा भएका फरक फरक व्यवस्थाहरुलाई बालअधिकार महासन्धी अनुसार हुनेगरी एकरुपता गरिनेछ ।
- नयाँ नयाँ प्रकृतिका हिंसा, अनलाइन सुरक्षा, साइवर बुलिंग, भावनात्मक हिंसाहरुबाट बालबालिकाहरुको सुरक्षाका लागि विशेष प्रभावकारी पहल गरिनेछ । परिवारका आफ्नै सदस्यहरुबाट हुनसक्ने हिंसा र जोखिमका सवालहरुको समेत सम्वोधन हुनेगरी पारिवारिक सम्वाद कार्यक्रम तय गरिनेछ ।
- जोखिम, हिंसा, शोषण, विभेद, विपद, महामारी आदीबाट पिडित तथा प्रभावित भएका बालबालिकाहरु मध्ये शिक्षा र स्वास्थ्यमा सरकारले जिम्मेवारी लिनु पर्ने अवस्थाका बालबालिकाहरुको सरकारले पुर्ण जिम्मेवारी लिइ आवासिय सेवा सहितको व्यवस्था मिलाइनेछ ।
- सरकारी तथा नीजि होस्टलमा रही अध्ययन लगायतका विभिन्न कृयाकलापमा संलग्न बालबालिकाहरु माथी हुन सक्ने हिंसा, शोषण र विभेदबाट संरक्षणको विशेष नीगिगत व्यवस्थासहित पहल गरिनेछ ।
- प्रत्येक स्थानीय तहमा बालबालिका स्रोत केन्द्र स्थापना गरिनेछ र राष्ट्रिय बालअधिकार

| | |
|---|---|
| परिषद्को पहलमा राष्ट्रिय बालबालिका स्रोत केन्द्र स्थापना गरिनेछ ।<br>▪ बालबालिका आफैले गर्ने बालविवाहको रोकथामका लागि विशेष कार्यक्रम तय गरी प्राथमिकताका साथ लागु गरिनेछ ।<br>▪ भ्रुण पहिचान गरी गरिने गर्भपतनको पुर्ण रोकथाम र विद्यमान कानुनको कार्यान्वयनका लागि विशेष ध्यान दिइनेछ ।<br>▪ बालबालिकासँग सम्वन्धित नीति, कानुन, कार्यक्रमहरुको कार्यान्वयनको नियमित अनुगमनका लागि तिनै तहको सरकारका तहमा प्रभावकारी संयन्त्र बनाइनेछ ।<br>▪ यात्रामा रहेका बालबालिका, बेपत्ता, बेचविखन र तस्करीको जोखिममा रहेका बालबालिकाहरुको सुरक्षाका लागि विशेष अनुगमन तथा सहयोग संयन्त्रको सुनिश्चितता गरिनेछ ।<br>▪ विद्यालय र सार्वजनिक स्थलहरुमा बालबालिकाहरुमाथी हुने यौनजन्य दुर्व्यवहार, बलात्कार, बेचविखनको रोकथामका लागि देशव्यापी विशेष अभियानहरु संचालन गरिनेछ ।<br>▪ विपद्, महामारी र अन्य विभिन्न समयमा बालबालिकाहरुका लागि उपयुक्त बैकल्पिक शिक्षण सिकाइका माध्यमहरुको लागि आवश्यक नीति, बजेट र सबै बालबालिकाको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>▪ बालबालिका सम्वन्धी विद्यमान व्यवस्थाहरुको कार्यान्वयनमा बहुपक्षिय समन्वय, सहकार्य र साझेदारीको सुनिश्चित गरिने छ । बालबालिकाहरुमा लगानीका लागि संघ, प्रदेश र स्थानीय तहमा समेत वार्षिक रुपमा बालबालिका लगानी सम्मेलन आयोजना गरी सम्मेलनको सिफारिसहरुको कार्यान्वयन गरिनेछ ।<br>▪ बालबालिकाको सहभागितालाई परिवार, विद्यालय, समुदाय र सिंगो शासन प्रकृयामा सुनिश्चित गरिनेछ ।<br>▪ बालबालिकाहरुलाई सबै खालको जोखिमहरुबाट सुरक्षित गर्नका लागि बालबालिकाहरुको ट्राकिङ्ग सिस्टम तयार गरिनेछ र बालबालिका आफु रहेबसेको स्थानबाट कुनै पनि नयाँ स्थानमा गएमा उसले पाइरहेको वा पाउनुपर्ने सेवा, सुविधा र अवसर सोही अनुसार नै नयाँ स्थानमा समेत सहज रुपमा स्वत पाउने व्यवस्थाको सुनिश्चित गरिनेछ ।<br>▪ बालविवाह, बालश्रम, छाउपडी, दाइजो, दहेज लगायत सबै प्रकारका परम्परागत हानीकारक अभ्यासहरुको अन्त्यका लागि तय गरिएका लक्ष्यहरु समयसिमाभित्र नै पुर्ण रुपमा प्राप्त गर्नका लागि ती सवालहरुमा राज्य संयन्त्रको प्रभावकारी समय, स्रोत, साधन र विशेष प्राथमिकता तय गरी कार्यान्वयन गराइनेछ ।<br>▪ बालसंवेदनशिल सामाजिक सुरक्षाको आवश्यकता पर्ने सबै बालबालिकाहरुलाई सो सुविधाको सुनिश्चितताका लागि राज्यको उपस्थितीका लागि आवश्यक कानुन र बजेटको व्यवस्था गरिनेछ ।<br>▪ नेपालले अन्तरराष्ट्रिय तहमा जनाएका विभिन्न बालबालिकाहरुसँग सम्वन्धित प्रतिवद्धता, संवैधानिक र कानुनी व्यवस्थाहरुको कार्यान्वयन र प्रगतिको नियमित अनुगमन र समिक्षा गरी सार्वजनीकीकरण समेत गर्नका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरिनेछ | |

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान

| | |
|---|---|
| । <br>▪ स्थानीय तहदेखि नै बाल संरक्षण, विकास र सहभागिताको अभिबृद्धि र सुनिश्चितताका लागि कानूनमा बमोजिम बालकल्याण अधिकारी, सहजकर्ता लगायतका जनशक्तिको परिपुर्ति तथा बालअधिकार समितिको स्थापना र आवश्यक बालमैत्री र बालहितको सेवा प्रदान गरिनेछ । | |
| **प्राविधिक सुझावहरु** | |
| ▪ उपशिर्षकहरुको क्रम विग्रिएको छ ।<br>▪ कुनै उपशिर्षकमा नं. छुटेको छ ।<br>▪ पृष्ठ ८, १०, १२ र १३ मा नीतिको प्राविधिक पक्ष मिलाउनु पर्ने देखिन्छ ।<br>▪ भाषा सम्पादन गर्नुपर्ने छ ।<br>▪ कुनै नीतिहरुमा एकभन्दा बढी विषय एकै बुँदामा परेको छ । एउटै विषयवस्तुसँग सम्वन्धित कतिपय नीतिहरु फरक फरक बुँदामा पनि रहेकाले एकै ठाँउमा मिलाउन सकिने संभावना पनि छन् ।<br>▪ बुलेटमा भएकाहरुलाई नं राख्नु पर्ला ।<br>▪ यौनिक तथा लैङ्गिक अल्पसंख्यक, यौनिक अल्पसंख्यक र लैङ्गिक अल्पसंख्यक फरक फरक शब्द प्रयोग भएकोमा सबै ठाँउहरुमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक शब्द प्रयोग गर्नुपर्ने देखिन्छ । | |

माथि उल्लिखित सवाल र सुझाहरु मन्त्रालयले राष्ट्रिय बालअधिकार नीति, २०७८ को मस्यौदामा समाबेश गरि लागु गर्ने अपेक्षा गर्दछौं ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

नरेन्द्र डंगोल
अध्यक्ष
सिजपका सबै सदस्य संस्थाहरु, अभियान्त, बालबालिका, अध्येता र विज्ञहरुका तर्फबाट
जेठ २७, २०७८

सम्पर्क :
१) नरेन्द्र डंगोल, अध्यक्ष, मोवाइल ९८४१३०७५७४, २) मधु दवाडी, कार्यक्रम निर्देशक मोवाइल ९८५८०२३३२३
इमेल czopp.central@gmail.com